सूचनाको हक सम्बन्धी ऐन, 2064 को दफा 5(3) र सूचनाको हक सम्बन्धी नियमावलि, 2065 को नियम 3 बमोजिम सार्वजनिक गरिएको विवरण

# पशु क्वारेन्टाईन कार्यालय विराटनगर

## विवरण सार्वजनिक गरेको अवधि 2082 श्रावण देखि 2083 आषाढ सम्म

परिचयः

पशु क्वारेन्टाइन भन्नाले, कुनै पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रिमा कुनै रोग लागेको छ छैन भन्ने कुरा यकिन गर्न पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रिलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परिक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राख्ने भन्ने बुझिन्छ।

पशु क्वारेन्टाइन कार्यालय विराटनगर अन्तरर्गत ३ वटा पशु क्वारेन्टाइन चेकपोष्टहरु छन् । जस मध्ये १.पशु क्वारेन्टाइन चेकपोष्ट रानी, मोरङ २. पशु क्वारेन्टाइन चेकपोष्ट भण्टावारी, सुनसरी ३. पशु क्वारेन्टाइन चेकपोष्ट माडर, सिरहा रहेको छ भने यस कार्यालयमा कर्मचारीहरुको दरवन्दी १८ जना रहेको छ । जस मध्ये वरिष्ठ पशु चिकित्सक -1 जना, पशु चिकित्सक - 4 जना, पशु स्वास्थ्य प्राविधिक -6 जना, लेखापाल – 1 जना, खरिदार - 1जना, कार्यालय सहयोगी - ४ जना र हलुका सवारी चालक -1 जना रहेको छ ।

## 2. पशु क्वारेन्टाइनको उदेश्यः

- समुदायहरुलाई बाह्रय मुलुकबाट भित्रिन सक्ने संक्रामक रोगहरुको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- बाह्य मुलुकबाट भित्रिन सक्ने संक्रामक रोगहरुलाई फैलिन नदिन प्रवेशमा रोक लगाउने ।
- नाकामा हुने गरेका पशु, पशुजन्य पदार्थ तथा पश उत्पादन सामग्रीको आयात निर्यातलाई ब्यवस्थित गर्ने ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र ऐन नियमावली, २०५६ मा भएका क्वारेन्टाईन सम्बन्धी व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- पशु ढुवानी मापदण्ड अनुरुप भए नभएको अनुगमन गर्ने ।
- सिमानामा कुनै संक्रामक रोग फैलिएमा तुरुन्त भे.अ. तथा प.वि.केन्द्र लगाएत सम्बन्धित निकायहरुसँग समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने ।
- पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा रोगहरुको तथ्याङ्क आद्यावधिक राखी पशु सेवा विभागको पशु क्वारेन्टाइन माहाशाखामा पठाउने ।

## 3. संचालित नाका तथा दरबन्दी विवरण :–

पशु क्वारेन्टाइन कार्यालय विराटनगर

- पशु क्वारेन्टाइन चेकपोष्ट रानी, मोरङ्ग
- पशु क्वारेन्टाइन चेकपोष्ट भण्टावारी, सुनसरी
- पशु क्वारेन्टाइन चेकपोष्ट माडर, सिरहा

## दरबन्दी चार्ट

पशु क्वारेन्टाइन कार्यालय, विराटनगर
ब.प.चि.(रा.प.द्धि.प्रा.भेटेरिनरी –१)

प्राविधिक शाखा
प.चि.(रा.प.तृ.प्रा.भेटेरिनरी) –४
प.स्वा.प्रा.((रा.प.अनं प्र.प्रा. भेटेरिनरी) -६

लेखा तथा प्रशासन
लेखापाल (रा.प.अनं प्र.) –१
खरिदार (रा.प.अनं.द्धि.प्र.)–१
हलुका सवारी चालक (श्रेणी बिहिन) -१
कार्यालय सहयोगी (श्रेणी बिहिन) -४

जम्मा पद संख्या - १८ जना

## कार्यालयको जनशक्तिको अवस्था

| स्वीकृत पदहरु | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|
| वरिष्ठ पशु चिकित्सक | १ | १ | ० | |
| पशु चिकित्सक | ४ | ३ | १ | १ जना काँजमा<br>१ अध्ययन विदा |
| पशु स्वास्थ्य प्राविधिक | ६ | ४ | २ | १ जना प्रदेश काँज |
| लेखापाल | १ | १ | ० | |
| खरिदार | १ | १ | ० | |
| कार्यालय सहयोगी | ४ | ४ | ० | सेवा करार |
| हलुका सवारी चालक | १ | १ | ० | सेवा करार |
| जम्मा | १८ | १५ | ३ | |

### 3.1 पशु क्वारेन्टाइन चेकपोष्ट रानी, विराटनगर

पशु चिकित्सक
पशु स्वास्थ्य प्राविधिक — श्री विष्णुप्रसाद दुलाल
पशु स्वास्थ्य प्राविधिक
पशु स्वास्थ्य प्राविधिक
कार्यालय सहयोगी — श्री विवेक चौधरी

### 3.2 पशु क्वारेन्टाइन चेकपोष्ट भन्टावारी, सुनसरी

पशु चिकित्सक — श्री ध्रुवराज डाँगि
पशु स्वास्थ्य प्राविधिक — श्री देव कुमार गाईम
कार्यालय सहयोगी — श्री राजकुमार शाह

### 3.3 पशु क्वारेन्टाइन चेकपोष्ट सिरहा, माडर

पशु स्वास्थ्य प्राविधिक — डा. मुकेश मणि सिँह
कार्यालय सहयोगी — श्री रोशन यादव

**4. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, 2055 को दफा 5मा क्वारेन्टाइन अधिकृतको नियुक्ति साथै पशु स्वास्थ्य तथा पशु सेवा नियमावलि, 2056 को नियम 8 बमोजिम क्वारेन्टाइन अधिकृतको काम व्यवस्था रहेको छ।**

**4.1 क्वारेन्टाइन अधिकृतको नियुक्तिः** नेपाल सरकारले दफा ३ बमोजिम स्थापना भएको क्वारेन्टाइन चेकपोष्टको प्रमुखको रुपमा काम गर्ने गरी पशु चिकित्सा विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरेको व्यक्तिलाई क्वारेन्टाइन अधिकृतको पदमा नियुक्ति गर्नेछ ।

**4.2 क्वारेन्टाइन अधिकृतको कामः** (१) क्वारेन्टाइन अधिकृतले गर्नु पर्ने काम देहाय बमोजिम हुनेछ ।

(क) पैठारी गरिएका पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइन राखी निरीक्षण गर्ने र पशुहरुको लागि दाना, पानी तथा औषधि उपचार भए वा नभएको जाँच गर्ने,

(ख) प्रयोगशाला परीक्षणको लागि पठाइएको नमूनाको नतीजा प्राप्त नभएसम्म त्यस्ता पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीलाई क्वारेन्टाइनमा राख्नु पर्ने भएका उपयुक्त किसिमले राखे वा नराखेको निरीक्षण गर्ने,

(ग ) प्रत्येक खेपका पशुहरु लगेपछि क्वारेन्टाइन स्थलको सरसफाई र निःसंक्रमण गराउने,

(घ) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री परिवहन गर्न प्रयोग गरिएका सवारी साधनहरु राम्रोसँग सरसफाई तथा निःसंक्रमण नभएको पाइएमा सो कार्य गर्न लगाउने,

(ङ) विदेशी मुलुकबाट आएका परिवहनका साधनहरुद्धारा निस्काशित फोहर मैला रोग नफैलिने गरी उचित तरीकाले व्यवस्था भएको छ वा छैन निरीक्षण गर्ने र आवश्यकता अनुसार तह लगाउने व्यवस्था मिलाउने,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीसँग सम्बन्धित प्रमाणपत्र र अन्य कागजातहरु जाँच्ने,

(छ) पैठारी गरिएका पशुमा कुनै संक्रामक रोग भएको पाइएका वा शंका लागेमा सो विषयमा स्थानिय पशु सेवा कार्यालय, विभाग, कृषि मन्त्रालय र अन्य सम्बन्धित निकायलाई छिटो साधनद्धारा सूचना पठाउने,

(ज) पैठारी गरिएका पशुका संक्रामक रोग भएको र पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीमा कुनै हानिकारक तत्व भएको शंका लागेमा त्यसको नमूना संकलन गरी परीक्षणको लागि विभागले तोकेको प्रयोगशालामा पठाउने र परीक्षणको नतिजा प्राप्त नभएसम्म त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री क्वारेन्टाइनमा राख्ने,

(झ) छिमेकी मुलुकका क्वारेन्टाइन चेकपोष्टसँग सम्पर्क तथा समन्वय कायम राख्ने ।

## 5. 2082/083 को मुख्य- मुख्य कार्यक्रमहरुः

| क्र.स. | बार्षिक कार्यक्रमहरू | इकाई | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | बार्षिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | |
| अ. | **पूँजीगत खर्च अन्तर्गतका मुख्य-मुख्य कार्यक्रमहरु** | | | | | |
| 1 | ई- हाजिरी मेशिन खरिद तथा जडान | पटक | 1 | 0.46 | 1 | 100% |
| 2 | स्कुटर खरिद | पटक | 1 | 3 | 1 | 100% |
| 3 | कार्यालय भवन माथि स्टोर कक्ष, टवाइलेट बाथरुम सहित टस निर्माण कार्य | पटक | 1 | 12 | 1 | 100% |
| 4 | पशु क्वारेन्टाइन चेकपोष्ट माडरमा माटो फिलिङ र वाल निर्माण | पटक | 1 | 4.9 | 1 | 100% |
| 5 | पुरानो कार्यालय भवन Dismantling Work and site clearance | पटक | 1 | 3 | 1 | 100% |
| 6 | प्रयोगशाला सहितको कार्यालय भवन निर्माण | पटक | 1 | 93.1 | 0 | बजेट अपुग भएको |
| क) | **पूजीगत कार्यक्रमको जम्मा** | | 6 | **116.46** | 5 | **22.73** |
| आ. | **चालु खर्च अन्तर्गतका मुख्य-मुख्य कार्यक्रमहरु** | | | | | |
| 1 | वार्षिक प्रगती पुस्तिका प्रकाशन | पटक | १ | ०.28 | १ | 100% |
| 2 | कार्यालय भवन मर्मत तथा रङ्गरोगन | पटक | १ | 2.45 | १ | 100% |
| 3 | क्वारेन्टाइन जाच | संख्या | २०० | ०.36 | २00 | 100% |
| 4 | आयातित पशुवस्तुको नमुना संकलन तथा प्रेषण | पटक | १2 | ०.43 | 3 | % |
| 5 | निसक्रमण गर्ने | पटक | 12 | ०.54 | ४० | 100% |
| 6 | कर्मचारीहरुको स्वास्थ्य परिक्षण | जना | १८ | ०.81 | १0 | % |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 7 | नाका अनुगमन | पटक | १2 | 2.01 | १2 | 100% |
| 8 | क्वारेन्टाइन सम्बन्धी चेतना मुलक प्रचार प्रसार सामाग्री तयारी ( भिडियो क्लिप, श्रव्य, द्वश्य सामाग्री, पमप्लेट, लिफलेट आदी तयार गरि प्रचारप्रसार गर्ने ।) | पटक | 4 | ०.54 | 4 | 100% |
| 9 | क्वारेन्टाइन कार्यको अनुगमन | पटक | २४ | 1.12 | २४ | 100% |
| 10 | पोष्ट इन्ट्री क्वारेन्टिन निरिक्षण गर्ने | पटक | १२ | ०.84 | १२ | 100% |
| 11 | खोरेत रोगको नियन्त्रणको लागी क्वारेन्टाइन कार्यक्रम | पटक | 1 | 8.1 | 1 | 100% |
| 12 | क्वारेन्टाइन सम्नव्यन बैठक | पटक/संख्या | 6 | २.7 | 5 | 100% |
| 13 | अबैध समातिएका पशुबस्तुको नष्ट गर्ने | पटक | 12 | 0.54 | | 100% |
| 14 | अबैध निकासि तथा पैठारी नियन्त्रण कार्यदल परिचालन | पटक | 6 | 1.35 | 6 | 100% |
| 15 | रानीमा क्वारेन्टाइन सम्बन्धी ऐननियम तथा मापदण्ड कार्यान्वयनको लागि सरोकारवाला संग अन्तरक्रिया गोष्ठी | पटक | १ | 0.95 | 1 | 100% |
| 16 | पशु कल्याण तथा पशु ढुवानी मापदण्ड कार्यान्वयनको लागि सरोकारवालासंग अन्तरक्रिया | पटक | 1 | 0.71 | 1 | 100% |
| 17 | सिमाविहिन तथा जुनोटिक रोग नियन्त्रणका लागि सरोकारवालासंग अन्तरक्रिया | पटक | 1 | 0.71 | 1 | 100% |
| 18 | **चालु खर्च अन्तर्गतका कार्यक्रमहरुको जम्मा** | | **5775** | **169.41** | **5438** | **79.49** |
| 19 | **चालु खर्च र पूँजीगत खर्चको जम्मा** | | **5783** | **287.34** | **5444** | **56.22** |

## 6.आ.ब. 082/083 वार्षिक प्रगति विवरण

### चौथो त्रैमासिक विनियोजन खर्चको अवस्था

रु. लाखमा

| क्र. सं. | निकायको नाम | वार्षिक विनियोजन | | | चौथो त्रैमासिक विनियोजन | | | चौथो त्रैमासिक खर्च | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा |
| १ | पशु क्वारेन्टाईन कार्यालय विराटनगर | ११७.९३ | १६९.४१ | २८७.३४ | ० | ३३.६६ | ३३.६६ | १३.६१ | ४१.४१ | ५५.०२ |

### चौथो त्रैमासिक भारित तथा वित्तीय प्रगतिको सारांश

रु. लाखमा

| क्र.सं. | निकायको नाम | वार्षिक बजेट | चौथो त्रैमासिक भारित प्रगति प्रतिशत | चौथो वित्तिय प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | चौथो त्रैमासिक विनियोजनको तुलनामा | वार्षिक विनियोजनको तुलनामा |
| १ | **पशु क्वारेन्टाईन कार्यालय, विराटनगर** | २८७.३४ | ७१.०४ | १०० | १९.१४ |

## वार्षिक विनियोजन खर्चको अवस्था

रु. लाखमा

| क.सं. | निकायको नाम | वार्षिक विनियोजन | | | वार्षिक खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | | पूंजीगत | चालु | जम्मा | पूंजीगत | चालु | जम्मा |
| १ | पशु क्वारेन्टाईन कार्यालय, विराटनगर | ११७.९३ | १६९.४१ | २८७.३४ | २३.३७ | १२५.९२ | १४९.३० |

## वार्षिक भारित तथा वित्तीय प्रगतिको सारांश

| क.सं. | निकायको नाम | वार्षिक वजेट रु. लाखमा | वार्षिक भारित प्रगति प्रतिशत | वार्षिक वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | पशु क्वारेन्टाईन कार्यालय, विराटनगर | **२८७.३४** | **५६.२२** (चालु तर्फ ७९.४९ र पूंजीगत तर्फ २२.७३) | **५१.९६** |

## 7. आ.ब. 082/083 राजश्व विवरण

| विवरण | रु |
|---|---|
| गैरकर/सेवाशुल्क राजश्व | ४२७४६९ |
| कृषिजन्य आय विक्री वितरण | ० |
| दण्ड जरिवाना | ० |
| वेरुजु दाखिला | १३२३५ |
| जम्मा | ४,४०,७०४ |

## 8. आ.ब. 081/082 बेरुजु विवरण

## कार्यालयको वेरुजु विवरण

| वेरुजु विवरण | कूल वेरुजु रु. | यस आ.व.को हालसम्मको फर्छ्यौट रु. | फर्छ्यौट प्रतिशत |
|---|---|---|---|
| चालु आ व को शूरुमा कायम | १०४३४४ | ० | ० |
| असुल उपर वेरुजु | ३६२४ | ० | ० |
| नियमित प्रमाण पेश गर्नुपर्ने आ व ०८०/०८१ मा थप गरी | १००७२० | १३२३५ | १३.१४ |
| गत आ व मा थप भएको | ० | ० | ० |
| जम्मा | १०४३४४ | १३२३५ | १३.१४ |

**बाकि बेरूजु फर्छ्यौटका लागि गरिएका प्रयासहरुः**

- वेरुजु रकम दाखिला गर्न पत्राचार गरिएको

## 9. मुख्य - मुख्य उपलब्धिहरुः द्

(क) क्वारेन्टाइन जाँचः–

पशु क्वारेन्टाइन कार्यालय विराटनगरले छिमेकी मुलुक भारत लगायत अन्य तेस्रो मुलुकहरुबाट जोगवनी, भण्टावारी तथा माडर सिरहा नाका भएर नेपाल भित्र प्रवेश गर्ने पशु,पशु जन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुमा संक्रामक रोग भए नभएको तथा पशु सेवा विभागले लागु गरेको मापदण्ड पुरा गरे नगरेको जाँच गरी क्वारेन्टाइन प्रमाण– पत्र प्रदान गर्ने गर्दछ ।

(ख) नाका अनुगमनः–

क्वारेन्टाइन चेकपोष्ट रहेको नाका बाहेक भारत संग जोडिएका खुल्ला सिमानाको फाइदा उठाइ गैरकानुनी तरिकाले पशु, पशु जन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको प्रवेशलाई निरुत्साहित पार्न नाका अनुगमन गरिएको ।

(ग) आयायित पशु बस्तुको नमुना संकलन तथा प्रेषण :

चेकपोष्टहरुमा बहिरी मुलुकबाट आयात भएका फिड सप्लिमेन्ट तथा माछाका दानाहरुको नमुना संकलन गरी परिक्षणको लागी राष्ट्रिय पशुआहारा तथा लाईभस्टक गुण व्यवस्थापन प्रयोगशाला हरिहरभवन, ललितपुरमा पठाउने गरिन्छ ।

(घ) निःसक्रमण गर्नेः–

बिदेशबाट आयातित पशुहरु क्वारेन्टाइन प्रकृया पुरा गरी यस स्थानबाट अन्यत्र स्थानमा ढुवानी भै जाने पशु ढुवानीमा प्रयोग भएका सवारी साधनहरुबाट संक्रामक रोग पनि भित्रिन सक्ने प्रवल सम्भावनालाई न्यून गर्ने उदेश्यले विभिन्न भौतिक तथा रसायन विधि अपनाई त्यस्ता ढुवानीका साधनहरुलाई निःसंक्रमण गरियो ।

(ङ) <u>बार्षिक क्वारेन्टाइन बुलेटिन तयार गरी केन्द्रमा पठाउर्नेः–</u>

पशु कार्यालयन कार्यालय विराटनगर अन्तरगत रहेका चेकपोष्टहरु लगायत कार्यालय समेतले गत आ.व.मा सम्पन्न गरेको क्वारेन्टाइन सम्बन्धि सम्पूर्ण गतिविधिहरुलाई समेटेर चालु आ.व.को प्रथम त्रैमासिक अवधिमा बुलेटिन तयार पारी केन्द्रमा पठाउने गरिन्छ ।

(**च**) <u>क्वारेन्टाइन समन्वय बैठक :–</u>

पशु क्वारेन्टाइन कार्यालय विराटनगरले क्वारेन्टाइन सम्बन्धि जनचेतना अभिबृद्धि तथा क्वारेन्टाइन कार्यक्रम संचालनमा देखापरेका समस्याहरुको बारेमा छलफल गर्न कार्यालय सँग समन्वयका सम्बद्ध निकायका पदाधिकारीहरुको उपस्थितिमा समन्वय बैठक गरिने गर्दछ । संचालित नाकाहरुमा बिषय बिषेशज्ञहरुको कार्यपत्र सहित विभिन्न सरोकारवालाहरुको उपस्थितमा क्वारेन्टाइन समन्वय बैठक कार्यक्रम सम्पन्न गरियो ।

(**छ**) <u>अबैध पैठारी नियन्त्रण कार्यदल परिचालन :–</u>

अबैध पैठारी नियन्त्रण र निरुत्साहीत गर्नका लागी नाकाहरुमा गई कार्यदल गठन तथा परिचालन कार्यक्रम सम्पन्न गरियो ।

(**ज**) <u>अबैध समातिएका पशु / पन्छी पन्छीजन्य पदार्थ नष्ट गर्नेः–</u>

पशु क्वारेन्टाइन कार्यालय विराटनगरले विभिन्न समयमा गस्ती गर्दा सशस्त्र प्रहरी, जनपथ प्रहरी, तथा सरोकारवालाहरुको सहयोगमा सिमा क्षेत्रमा अबैध चोरी पैठारी गरी ल्याइएको अबैध पशु तथा पशुजन्य पदार्थ समाति नष्ट गर्ने गरिन्छ ।

## आ.व ०८२/०८३ मा सम्पन्न गर्नुपर्ने मूख्य मूख्य क्रियाकलापहरुको लक्ष्य, प्रगति, उपलब्धिहरु तथा प्रगति नहुनुको कारण

| क्र. सं. | लक्षित प्रमुख क्रियाकलाप | वार्षिक लक्ष्य | वार्षिक प्रगति | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धि (लाभग्राही संख्या, परिमाणात्मक र गुणात्मक विश्लेषण समेत समावेश गरी) | प्रगति हुन नसकेको भए प्रगति नपुगको कारण |
|---|---|---|---|---|---|
| १. | क्वारेन्टाइन जाँच | २०० | ३३० | २०७४.९८ मेट्रिक टन फिड सप्लिमेन्ट, १९९०.१३ मेट्रिक टन फिस फिड र ४६७.९६ मेट्रिक टन क्याटल फिड जाँच गरी आयातमा सहजिकरण | |
| २. | अवैध समातिएका पशु / पशु जन्य पदार्थ नष्ट गर्ने | १२ | १०० | अवैध कारोबार न्युनिकरणमा सहयोग | |
| ३. | रानीमा क्वारेन्टाइन सम्वन्धी ऐननियम तथा मापदण्ड कार्यान्वियनको लागि सरोकारवाला संग अन्तरक्रिया गोष्ठी | १ | १ | ५३ जना (महिला ४ पुरुष ४९) लाभग्राहीहरुलाई विद्यमान कानून, NNSW वारे जानकारी प्राप्त<br>Minor error correction AQO बाट | |
| ४ | क्वारेन्टाईन समन्वय बैठक | ६ | ५ | कडा निगरानी को लागि समन्वय, लाभग्राही संख्या १२६ | |
| ५. | अवैध निकासि तथा पैठारी नियन्त्रण कार्यदल परिचालन | ६ | ६ | सिमा क्षेत्रमा खटिने कर्मचारीहरुमा उत्प्रेरणा र समन्वय बढेको, लाभग्राही संख्या १३४ | |
| ६. | निसक्रमण गर्ने | १२ | १२ | पशु हाँटबजार र नष्टमा निसंक्रमण बाट वातावरण स्वस्थ र किटाणुरहित गरिएको | |
| ७. | पशु कल्याण तथा पशु ढुवानी मापदण्ड कार्यान्वियनको लागि सरोकारवालासंग अन्तरक्रिया | १ | १ | ३८ लाभग्राही(महिला ४ पुरुष ३४), जनचेतनामा अभिवृद्धि | |
| ८. | सिमाविहिन तथा जुनोटिक रोग नियन्त्रणका लागि सरोकारवालासंग अन्तरक्रिया | १ | १ | ४१ लाभग्राही(महिला ३ पुरुष ३८), जनचेतनामा अभिवृद्धि | |
| ९ | खोरेत रोग नियन्त्रणका लागि क्वारेन्टाइन कार्यक्रम | १ | १ | १५० सिरम स्याम्पल संकलन, सिमा क्षेत्रमा प्रचार प्रसार, पशु हाँटबजारमा अभिमुखिकरण, स्थानीय निकाय संग अन्तरक्रिया | |
| १०. | क्वारेन्टाइन सम्वन्धी चेतना मुलक प्रचार प्रसार सामाग्री तयारी ( भिडियो क्लिप, श्रव्य, दृश्य सामाग्री, पमप्लेट, लिफलेट आदी तयार गरि प्रचारप्रसार गर्ने ।) | ४ | ४ | क्वारेन्टाइन व्यवस्था बारे जानकारी अभिवृद्धि | |

## आ.व. ०८२/०८३ आयात-निर्यात विवरण

### आयात क्रम (Import Trend)

| क्र.सं. | आयात सामाग्री विवरण | इकाई | परिमाण आ.व. ०८१/०८१ | परिमाण आ.व. ०८२/०८३ | घटि/बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | खाने माछा (Fresh Chilled Fish) | मे.ट. | ४८.३ | १०.७ | - ७७.८६ |
| २ | माछाको दाना (Fish feed) | मे.ट. | ९२५.३७५ | १९९०.१३ | + ११५.०६ |
| ३ | Cattle feed | मे.ट. | ९६.२५ | ४६७.९६ | + ३८६.१९ |
| ४ | फिड सप्लिमेन्ट | मे.ट. | ३२९९.४५ | ३०४०.१० | - ७.८६ |

### निर्यात क्रम (Export Trend)

| क्र.सं. | आयात सामाग्री विवरण | इकाई | परिमाण आ.व. ०८१/०८२ | परिमाण आ.व. ०८२/०८३ | घटि/बढी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | छाला | वर्ग मिटर | २२९५५२ | १७५७४५.८८ | -२३.४३ |
| २ | छुर्पि | किलो | २२६० | २१६५३ | + ८५८ |

## स्वास्थ्य परीक्षण आ.व. ०८२/०८३

| विवरण | इकाई | परिमाण |
|---|---|---|
| माछा | के जी | १६० |
| गाई गोरु बाच्छा बाच्छी | वटा | ४६ |
| भैंसी र पाडापाडी | वटा | ८ |
| खसी बाखा | वटा | २८ |
| बंगुर | वटा | १७६ |

## 10. उपलब्धीहरुको सारांश :-

१. क्वारेन्टाइन जाँच भई रोग नियन्त्रण भएको ।
२. निश्चित रोगको निदानमा मद्दत भईरहेको ।
३. स्थानिय एफ.एम., पत्रपत्रिका, पम्पलेट र माईकिंग गराउँदा जनमानसमा क्वारेन्टाइनको महत्व बढेको ।
४. गुणस्तरिय पशु, पशु उत्पादन सामाग्री तथा पशु जन्य पदार्थहरु भित्रिएका कारणले पशु उत्पादकत्वमा उल्लेखनिय बृद्धि भएको तथा जनमानसमा राम्रो प्रभाव परेको ।

## 11.पशु क्वारेन्टाइन कार्यालय विराटनगर संग समन्वयका सम्बद्ध कार्यालयहरु

श्री जिल्ला प्रशासन कार्यालय, मोरङ्ग, सुनसरी ,सप्तरी र सिरहा ।
श्री जिल्ला प्रहरी कार्यालय, मोरङ्ग, सुनसरी ,सप्तरी र सिरहा ।
श्री भन्सार कार्यालय रानी विराटनगर, रंङ्गली, कोशी ब्यारेज, भण्टावारी सुनसरी ,माडर सिरहा ।
श्री विराटनगर महानगरपालिका कार्यालय विराटनगर, मोरङ्ग ।
श्री ईनरुवा नगरपालिका कार्यालय, सुनसरी ।
श्री राजविराज नगरपालिका कार्यालय, सप्तरी ।
श्री लहान नगरपालिका कार्यालय, सिरहा ।
श्री सिरहा नगरपालिका कार्यालय, सिरहा ।
श्री सशस्त्र सिमा सुरक्षा कार्यालय रानी मोरङ्ग , भण्टावारी सुनसरी, माडर सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र विराटनगर, मोरङ्ग, सुनसरी, सप्तरी र सिरहा ।
श्री क्षेत्रिय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर ।
श्री पशुपन्छी रोग अन्वेषण प्रयोगशाला विराटनगर, मोरङ्ग ।
श्री पशु क्वारेन्टाइन महाशाखा हरिहभवन , ललितपुर ।
विभिन्न पशु, पशु जन्यपदार्थ तथा पशु उत्पादन सामाग्रीहरुको आयातकर्ता, निर्यातकर्ता, बिक्रेता एवं उपभोक्ताहरु ।

## 12.समस्याहरु :-

१. भारतीय सिमाना सँग जोडिएको खुल्ला नाकाहरुबाट अबैध जनावरहरुको आयात ।
२. जनशक्तीको कमि ।
३. चेकपोष्टका भवनहरुको मर्मत सम्भारको लागी आवश्यक बजेटको कमि ।
४. क्वारेन्टाइन कार्यालयको भवनको निर्माण पूर्णरुपले नभएको ।
५. चेकपोष्टको नाका संग जोडिएको छिमेकी मुलुक भारतको नाकमा भारतीय क्वारेन्टाइन चेकपोष्ट नहुनु ।
६. क्वारेन्टाइनको कर्मचारीहरुलाई अतिरिक्त समयमा काम गरेवापत केही अतिरिक्त भत्ताको व्यवस्था नभएको ।

## 13.सुझावहरु :-

१. कृषक, व्यापारी तथा उपभोक्ताहरुलाई जनचेतना जगाउने ब्यवस्था मिलाउनु पर्ने ।
२. कार्यक्षेत्र अनुसार थप दरबन्दीको ब्यवस्था हुनु पर्ने ।
३. पशु क्वारेन्टाइन चेकपोष्टको नाका सँग छिमेकी मुलुकलाई चेकपोष्टको स्थापनाको लागि पहल गर्नु पर्ने ।
४. पशु क्वारेन्टाइन चेकपोष्टको नाका सँग छिमेकी मुलुकलाई चेकपोष्टको स्थापनाको लागि पहल गर्नु पर्ने ।
५. पशु क्वारेन्टाइन ऐन नियम तथा कार्यक्रमलाई प्रभावकारी रुपले लागु गर्नमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा अन्य निकाय बिच समन्वय तथा जिल्लामा स्थानिय स्तरमा सम्बन्धित निकाय बिच समन्वय गर्न अति आवश्यक देखिन्छ ।
६. यस चेकपोष्टका कर्मचारीहरु बिहान र बेलुकाको साथै विदाको दिनमा समेत कार्य गर्नु पर्ने भएकोले अतिरिक्त तलब भत्ताको ब्यवस्था हुनु पर्ने ।

# धन्यवाद